# विश्व न्याय गृह

## रिज़्वान २०२५

विश्वभरिका बहाईहरूलाई

प्रिय मित्रहरू,

नौ वर्षे योजनाको पहिलो चरण समाप्त हुन अब एक वर्ष मात्र बाँकी रहँदा, हामी यसको प्रगतिको बारेमा उत्सुकताका साथ जानकारी गराउन चाहन्छौं–कसरी, उत्कृष्ट प्रयासका उज्याला उदाहरणहरू मार्फत, धर्मद्वारा प्रस्तुत गरिएको दृष्टिकोणले बढी भन्दा बढी हृदयहरूमा आशा भरिरहेको छ ।

विकासको प्रक्रिया निरन्तर अगाडि बढिरहेको छ। जहाँ पहिले उल्लेखनीय प्रगति देखिएको थिएन, त्यस्ता विभिन्न स्थानहरूमा उल्लेखनीय सफलता प्राप्त भएका छन्, जहाँ धर्मको बीउले नयाँ हरियाली अंकुरहरू दिएको छ र धेरै आत्माहरू सँगै काम गर्ने क्षमता देखा पर्न थालेको छ। यी प्रगतिहरू प्रायः ती समर्पित अग्रणीहरूको कारण सम्भव भएका छन्, जसको हृदय आफ्ना प्रभुप्रतिको प्रेमले प्रदिप्त भएको छ र जसले गृह अग्रणी तथा विदेशका स्थानहरूमा प्रभावशाली संख्यामा पुगेर सेवा गर्न तत्पर भएका छन् । जहाँ  वृद्धि कार्यक्रम पहिले नै सुरू भइसकेको थियो, त्यस्ता क्लस्टरहरूमा मित्रहरूले दोस्रो र तेस्रो कोशेढुङ्गा पार गर्न सकून् भनी पहिचान गरिएका रणनीतिहरू र कार्य योजनाहरूलाई सिर्जनात्मकता र कौशलतापूर्वक लागू गर्नमा पुनः ध्यान केन्द्रित गरिएको छ । र बलियो प्रमाणित क्षमता भएका क्लस्टरहरूमा, धर्मको समाज निर्माण गर्ने शक्तिको झल्को झनै स्पष्ट हुँदै गएको छ, किनभने एक जीवन्त र रूपान्तरणकारी बहाई जीवनको ढाँचालाई उत्साहित आत्माहरूको बढ्दो समुहले अँगाल्न थालेका छन् ।

यसैबीच,समाजसँगको स्थानीय तहको संलग्नताले उल्लेखनीय प्रगति गरेको छ । शिक्षामा केन्द्रित सामाजिक कार्यका सामुदायमा आधारित पहलहरू सबैभन्दा तीव्र गतिमा बढेका छन्, तर अन्य क्षेत्रहरू–जस्तै कृषि, स्वास्थ्य, वातावरण, महिलाको सशक्तिकरण, र कला–मा पनि पहलहरू अगाडि बढिरहेका छन् । यस्ता प्रकारका प्रगतिहरू सबैभन्दा स्पष्ट रूपमा ती सबल क्लस्टरहरूमा देखिन्छन्, जहाँ धेरै गाउँहरू वा छिमेकिहरू–कहिलेकाहीं त एउटै गल्ली वा घनत्वयुक्त भवन–पनि त्यस्ता जनसंख्याको घर भएको छन, जुन धर्मका सिद्धान्तहरूलाई व्यवहारिक यथार्थमा रूपान्तरण गर्दा प्राप्त हुने उत्थानकारी अनुभव गरिरहेका छन् । कतिपय स्थानहरूमा, स्थानीय स्तरमा बालबालिकाको शिक्षा वा सामाजिक विकासको जिम्मेवारीमा रहेका नागरिक अगुवा तथा व्यक्तिहरूले बहाईहरूप्रति केवल दृष्टिकोणका लागि मात्र आउने नभई, व्यावहारिक समाधानको खोजीमा सहकार्य गर्ने चाहना पनि देखाइरहेका छन् । अझ अगाडि, हामी यस कुराबाट पनि प्रसन्न छौं कि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा केही महत्वपूर्ण सवांदहरूप्रतिको बहाई दृष्टिकोणले बढ्दो रूपमा ध्यान र प्रशंसा प्राप्त गरिरहेको छ ।

नौ वर्षे योजना एउटा विशाल र विश्वव्यापी सिकाइ प्रक्रियामा आधारित छ, जुन बोलिभियाका पहाडहरूमा जति प्रभावकारी छ, सिड्नीका उपनगरहरूमा पनि त्यत्तिकै प्रभावकारी छ । यस सिकाइ प्रक्रियाबाट हरेक परिवेशमा अनुकूलन गर्न सकिने रणनीतिहरू र कार्यहरू उत्पन्न भएका छन् । यो प्रक्रिया प्रणालीगत छ; यो जैविक छ; यो

सर्वआलिंगनकारी छ । यसले परिवारहरू, छिमेकीहरू, युवाहरू, र यस गौरवशाली प्रयासमा नायक बन्न तयार रहेका सबै व्यक्तिहरूबीच सम्बन्धहरू स्थापना गर्छ, जुन गतिशिल सम्बन्धहरूमा रूपान्तरण हुन्छ । यसले सम्भाव्यताले भरिपूर्ण समुदायहरूलाई उठाउँछ । यसले ति मानिसहरूको उच्च आकांक्षाहरू पूरा गर्न सक्षम बनाउँछ जो भौगोलिक कारणले, भाषा, संस्कृति वा परिस्थितिका कारणले टाढा भएका थिए तर अहिले तिनीहरुले बहाउल्लाहको त्यो सार्वभौमिक आह्वान –"एकअर्काको जीवनको भलाईको लागि निरन्तर प्रयास गर" सुनेका छन र त्यसप्रति प्रत्युत्तर दिएका छन ।  यो सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा ईश्वरीय शब्दको जीवनदायिनी शक्तिमा आधारित छ–त्यो "एकता ल्याउने शक्ति", "आत्माहरूलाई चलायमान बनाउने शक्ति, र मानवताको संसारलाई बाँध्ने र परिचालक गर्ने शक्ति"–र त्यस शब्दबाट प्रेरित हुने दिगो कार्यमा आश्रित छ ।

आँधीले ढाकिएको आकाशको अन्धकारमय पृष्ठभूमिमा, तपाईंहरूको समर्पित प्रयासबाट चम्किएको उज्यालो कति उज्ज्वल देखिन्छ ! संसारमा आँधीबेहरी जति नै तीव्र किन नहोस, मानवजातिलाई आश्रय दिन सक्ने सुरक्षित स्थानहरू विभिन्न देश, क्षेत्र, र क्लस्टरहरूमा निर्माण भइरहेका छन् । तर अझ धेरै गर्न बाँकी छ । प्रत्येक राष्ट्रिय समुदायका लागि यस योजनाको प्रारम्भिक चरणमा प्राप्त गर्नुपर्ने आफ्नै अपेक्षाहरू छन् । समय बित्दै गईरहेको छ । प्रिय मित्रहरू, ईश्वरीय शिक्षाका परीचारकहरू, र वरद सौन्दर्यका शूरवीर समर्थकहरू–अहिले तपाईंहरूको प्रयास अत्यावश्यक छ । अर्को रिज्वान आउनु अघि बाँकी रहेको छोटो समयभित्रका महिनाहरुमा–प्राप्त गरिएका हरेक प्रगतिले अतिमहान नामको समुदायलाई योजनाको दोस्रो चरणमा पूरा गर्नुपर्ने कार्यहरूका लागि अझ सक्षम बनाउनेछ । तपाईंहरूलाई सफलता प्राप्त होस् । यसका लागि हामी सर्वशक्तिमान भगवान समक्ष विन्ति गर्छौं; यसका लागि हामी उहाँको अविचल सहायताको याचाना गर्छौं; र यसका लागि हामी उहाँका आफ्ना प्रियदूतहरूलाई तपाईंहरु प्रत्येकजनालाई सहायता गर्न पठाईदेऊ भनि उहाँसँग विनम्रतापूर्वक प्रार्थना गर्छौं ।

विश्व न्याय गृह